**लिवर्टी इनर्जी कम्पनी लि.**
**को**
# चौधौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

**१. पृष्ठभुमिः**

लिवर्टी इनर्जी कम्पनी लि.को चौधौं वार्षिक साधारण सभा मिति २०८०/०९/२५ मा अमृत भोग क्याटरर्स, कालिकास्थान, काठमाण्डौंमा सम्पन्न भएको थियो । कार्यक्रम संचालकले प्रमुख अतिथि, कम्पनीका संचालकहरु, प्रत्यक्ष उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित प्रतिनिधिहरु र कम्पनीका पदाधिकारीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. आत्माराम घिमिरेज्यूले गर्नु भए पश्चात सभा संचालन भएको थियो । साधारण सभामा सभा अध्यक्ष ज्यूले सञ्चालक समितिको तर्फबाट आ.व २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । यस पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरि प्रस्तावहरु पारित गरिएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरु भई निर्धारित विषय सूची अनुसारको विषयहरुमा छलफल तथा निर्णय गरि दिनको १:०० बजे सभा समापन भएको थियो ।

**२. सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको संचालक समितिको मिति २०८०/०९/०३ मा बसेको बैठकको निर्णय अनुसार आयोजित कम्पनीको चौधौं वार्षिक साधारण सभाको जानकारीका लागी प्रथम पटक मिति २०८०/०९/०४ गते राष्ट्रिय दैनिक सौर्य दैनिकमा तथा दोस्रो पटक मिति २०८०/०९/०६ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गरिएको थियो । साथै उल्लेखित सुचना तथा जानकारीहरु यस कम्पनीको सुचना पाटि तथा वेवसाईट www.libertyenergy.com.np मा पनि राखिएको थियो ।

**३. साधारण सभा भएको मिति समय र स्थान :**

मिति : २०८० पौष २५ गते बुधबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : अमृत भोग क्याटरर्स, कालिकास्थान, काठमाण्डौं ।

**४. उपस्थिति :**

कम्पनीको यस साधारण सभामा शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारी, विभिन्न निकायका आमन्त्रित पदाधिकारीहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**अ. संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| १. डा. आत्माराम घिमिरे | संचालक/अध्यक्ष |
| २. श्याम बहादुर खड्का | संचालक |
| ३. राजेन्द्र वस्ती | संचालक *(विद्युतिय माध्यमबाट सहभागी)* |
| ४. पुरुषोत्तम घिमिरे | संचालक |
| ५. कविता पोखेल | संचालक |
| ६. लोचन कोइराला | संचालक |
| ७. अनुज्ञा सापकोटा | स्वतन्त्र संचालक |

LIBERTY ENERGY COMPANY LTD. KATHMANDU

### आ. पदाधिकारी/सल्लाहकारहरुको उपस्थिति

| | |
|---|---|
| १. कुश कुमार जोशी | निवर्तमान अध्यक्ष तथा सल्लाहकार |
| २. राम बहादुर पाण्डे | निवर्तमान संचालक तथा आयोजना निर्देशक |
| ३. विश्व नाथ कडेल | पूर्व प्रबन्ध संचालक |
| ४. सुरेन्द्र भक्त माथेमा | पूर्व प्राविधिक सल्लाहकार |
| ५. विष्णु बहादुर सिंह | पूर्व प्रमुख कार्यकारी इन्जिनियर |
| ६. ध्रुव कुमार श्रेष्ठ | आर्थिक तथा प्रशासन सल्लाहकार |
| ७. कमल कुमार भारती | कम्पनी सचिव |

### इ. विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिहरुको उपस्थिति

| | |
|---|---|
| १. ललित कुमार थापा | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. विश्व महर्जन | प्रतिनिधि, महर्जन.बि एण्ड एसोसियट्स |
| ३. बासु थपलिया | प्रतिनिधि, प्रभु क्यापिटल लिमिटेड |

### ई. शेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरुको संख्या (संस्थागत शेयरधनीहरुको प्रतिनिधि समेत) | २४१ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या | १७५ जना |
| ३. जम्मा उपस्थिति संख्या | ४१६ जना |

## ५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| निष्काशित शेयर संख्या | शेयरधनी संख्या | स्वयं उपस्थित संख्या | प्रतिनिधि मार्फत उपस्थिति संख्या | जम्मा उपस्थिति | उपस्थित कुल शेयर संख्या | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| १,५०,००,००० | १०५८७८ | २४१ | १७५ | ४१६ | ७८,९८,७५८ | ५२.६६% |

## ६. चौधौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरु :

### क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।

२. कम्पनीको लेखापरिक्षकले पेश गर्नु भएको आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आगामी आ.व. २०८०/०८१ को लागी लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

### ख) विशेष प्रस्तावहरु:

१. प्रवन्ध पत्रको दफा ८ मा ८ (ञ) थप गर्ने तथा अख्तियारी सम्बन्धमा ।

२. नियमावलीको नियम ३८ को उपनियम ३ संसोधन गर्ने तथा अख्तियारी सम्बन्धमा ।

३. अन्य जलविद्युत आयोजनालाई प्राप्ति (एक्विजिसन) गर्न तथा मर्जर प्रकिया अघि बढाउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

LIBERTY ENERGY COMPANY LTD. KATHMANDU

४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संसोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम आवश्यक फेरबदल गर्न वा अभिलेख गर्दा/गराँउदा केहि सामान्य हेरफेर गर्न, संसोधन संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध

७. **सभाको वैधानिकता :**

आजको यस सभा कम्पनीको प्रवन्ध-पत्र, नियमावली र कम्पनी ऐन, २०६३, अनुसार सभाको लागि प्रस्ताव सहित अग्रिम २१ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकहरु क्रमश: मिति २०८०/०९/०४ मा सौर्य दैनिकमा र मिति २०८०/०९/०६ मा नयाँ पत्रिकामा जारी गरी सभा बोलाइएको र यस सभामा ५२.६६ प्रतिशतको गणपुरक संख्यामा शेयरधनीको उपस्थित रहेको र आवश्यक मात्रामा संचालकहरुको समेत उपस्थिति देखिएकोले सोही बमोजिम यस सभालाई वैधानिक घोषित गरी यस कम्पनीका अध्यक्ष डा. आत्माराम घिमिरे ज्यूको सभापतित्वमा वार्षिक साधारण सभा सञ्चालन गरी आजको सभामा उल्लेखित प्रस्तावहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

८. **सभा उद्घाटन तथा स्वागत मन्तव्य**

यस साधारण सभाको प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा कम्पनीका निवर्तमान अध्यक्ष तथा सल्लाहकार श्री कुश कुमार जोशीले सभाको उद्घाटन गर्नुभयो । कम्पनीका अध्यक्ष डा. आत्माराम घिमिरेले कम्पनीको बारेमा संक्षिप्त जानकारी दिँदै सहभागी सम्पूर्णलाई यस साधारण सभाको कार्यक्रममा स्वागत गर्नुभयो ।

९. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम संचालन कम्पनीका अध्यक्ष डा. आत्माराम घिमिरे ज्यूले कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित संचालक समितिको तर्फबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन अनुमोदनको लागी प्रस्तुत भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात तथा २०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसुचिहरु समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरुलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरुले मन्तब्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा जिज्ञासाहरुको मुख्य अंश निम्न अनुसार रहेको छ ।

**क. गुणराज भट्ट**

कम्पनीको हाल सम्मको प्रगतिबाट सन्तुष्ट रहेको तथा चाँडो भन्दा चाँडो शेयरधनीलाई लाभांश दिन सक्षम होस भन्ने सुझाव दिनुभयो । साथै संस्थाको प्रगतिमा संस्थामा काम गर्ने कर्मचारीहरुको अहम भुमिका हुने भएकोले आकर्षक तलब, भत्ता र सुविधा, तालिम,

LIBERTY ENERGY COMPANY LTD. KATHMANDU

पदोन्नतिको राम्रो व्यवस्था गरि लामो समयसम्म कर्मचारीहरुलाई संस्थामा टिकाई राख्न अन्त्यन्त जरुरी भएको कुरा ध्यानाकर्षण गराउनु भयो ।

**ख. उत्तम पाठक**

नेपाल सरकार उर्जा मन्त्रालयले दिने भनिएको प्रति मेगावाट रु.५० लाख अनुदानको रकम लिन पहल कदमी चाल्न सुझाव दिनुभयो । कम्पनीको अघिल्लो वार्षिक साधारण सभाबाट पारित ५०% को हकप्रद शेयर जारी गर्ने प्रस्ताव धितोपत्र बोर्डबाट छिटो भन्दा छिटो स्विकृत लिन सुझाव दिदैं कम्पनीको खर्च घटाउन विशेष ध्यान दिन सुझाव दिनुभयो । साथै, कम्पनीको मर्जर तथा प्राप्ती प्रकृयालाई अघि बढाउन उपयुक्त हुने बिचार व्यक्त गर्नुभयो ।

**ग. डमरु बल्लभ घिमिरे**

कम्पनील प्रचलित ऐन नियम अनुसार समयमानै साधारण सभा गरेकोमा धन्यवाद व्यक्त गर्दै कम्पनीको आय वृद्धिको लागि नयाँ आयोजना ल्याउन सुझाव दिनुभयो ।

**घ. कृष्ण प्रसाद अधिकारी**

कम्पनीले समयमानै साधारण सभा गरेकोमा धन्यवाद व्यक्त गर्दै हाल सम्मको प्रगतिबाट सन्तुष्ट रहेको र कम्पनीले प्रगति गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

**ङ. सुदिप श्रेष्ठ**

हाइड्रोपावरको लगानी दिर्घकालिन लगानी भएकोले कम्पनीले आफ्नो विभिन्न आयोजनामा प्रगति गर्दै निरन्तरता दिन सफल होस भन्ने मन्तब्य व्यक्त गर्नुभयो ।

शेयरधनी महानुभावहरुबाट मन्तब्यका कममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पुरा भएपछि शेयरधनीहरुको जिज्ञासाहरुको सम्बन्धमा कम्पनीका अध्यक्ष डा. आत्माराम घिमिरे ज्यूले सम्बन्धित विषयमा जवाफ दिनुभयो ।

क) कम्पनीको आगामी वर्षमा पूर्ण रुपमा जलविद्युत आयोजना संचालन गर्न प्रयास गर्ने, कम्पनिको स्वामित्वमा रहेको आयोजनाहरुको सफलता पूर्वक सम्पन्न गर्ने जानकारी गराउनु भयो ।

ख) कम्पनी नाफामा गएपछि प्रतिफल अवश्य बाँडिने जानकारी गराउनु भयो ।

ग) ऋण व्यवस्थापन गरी ब्याज घटाएर तथा हकप्रद शेयरको रकमले ऋण घटाई कम्पनीको स्वामित्वमा रहेको अन्य दुई आयोजनाहरु तथा अन्य राम्रो आयोजनाहरु सम्भाव्यता अध्ययन गरि अगाडी बढ्ने योजना रहेको जानकारी गराउनुभयो ।

घ) कम्पनीमा कार्यरत कर्मचारीहरुको अथक मेहनतले गर्दा हालसम्म विद्युत केन्द्रबाट उत्पादन हुन सक्ने विद्युत उत्पादनमा कमी नभएको जानकारी गराउनुभयो ।

यस साधारण सभाको प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा कम्पनीका निवर्तमान अध्यक्ष तथा सल्लाहकार श्री कुश कुमार जोशी ज्यूले संचालक समितिले विवादरहित तवरमा कार्य गरेको र व्यवस्थापन सुशासनयुक्त भएको, कम्पनीले विद्युत उत्पादन आफ्नो क्षमता अनुसार गर्न सफल भएको तर विद्युत प्राधिकरणले समयमानै प्रशारण लाइन निर्माण सम्पन्न नगरेको कारण सोचे अनुरुप विद्युत बिकी गर्न नसकिएको मन्तव्य व्यक्त गर्नुभयो । साथै, कम्पनीले

LIBERTY ENERGY COMPANY LTD.
KATHMANDU

सहायक कम्पनी खडा गरी आयोजना अगाडी गराउने निर्णय राम्रो भएको र आगामी वर्ष कम्पनीले लाभांश वितरण गर्न सफल होस र कम्पनीको साख उच्च रहोस भन्दै आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

## १०. प्रस्ताव तथा निर्णयहरु :

### क) सामान्य प्रस्तावहरु :

१. प्रस्ताव नं. १ का सम्बन्धमा यस कम्पनीका सञ्चालक समितिका तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

२. प्रस्ताव नं. २ का सम्वन्धमा यस कम्पनीका लेखापरीक्षक श्री महर्जन.बि एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेण्टले पेश गर्नु भएको यस कम्पनीको आ.व २०७९/८० को लेखा परिक्षण प्रतिवेदन एवम् वित्तिय विवरण माथि विस्तृत छलफल भई सो प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरियो ।

३. प्रस्ताव नं. ३ का सम्वन्धमा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार कम्पनीको हालका लेखापरिक्षक श्री महजर्न.बि एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्टलाई पारिश्रमिक स्वरुप रु. २,००,०००/ (भ्याट बाहेक) का दरले भुक्तानी गर्ने गरी चालु आ.व. २०८०/८१ को लागी कम्पनीको बाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

### ख) विशेष प्रस्तावहरु :

१. विशेष प्रस्ताव नं. १ को सम्बन्धमा प्रबन्धपत्रको दफा ८ मा ८ (ञ) थप गर्ने बिषयमा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

| साविकको व्यवस्था | हाल संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| **प्रवन्ध पत्रको दफा ८**<br>ञ. हाल केहि व्यवस्था नभएको । | **प्रवन्ध पत्रको दफा ८**<br>ञ. कम्पनीले हकप्रद शेयर जारी गरेमा शेयरधनीहरुले आफ्नो हकको हकप्रद शेयर आफुले इच्छाएको व्यक्तिलाई हक हस्तान्तरण गर्न सकिने छ । | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को १९ (क) को व्यवस्था बमोजिम । |

२. विशेष प्रस्ताब नं. २ को सम्बन्धमा छलफल हुँदा नियमावलीको दफा ३८को उपनियम ३ संसोधन गर्ने बिषयमा छलफल गरी सर्वसम्मतिले पारित गरियो । साथै, केहि थपघट तथा संसोधन गर्न परेमा संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

| साविकको व्यवस्था | हाल संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| **नियमावलीको नियम ३८ (३)**<br>संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनुपर्ने छ । | **नियमावलीको नियम ३८ (३)**<br>संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुन नसकेमा विद्युतिय माध्यमबाट समेत उपस्थित हुन सकिनेछ । | प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यक भएकोले । |

LIBERTY ENERGY COMPANY LTD. KATHMANDU

३. विशेष प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल हुँदा कम्पनीको दिर्घकालिन हितका लागी अन्य जलविद्युत आयोजनालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य कम्पनीसँग मर्जर प्रकिया अघि बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. विशेष प्रस्ताव नं. ४ को सम्बन्धमा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संसोधनको कममा नियमनकारी निकायबाट कुनै फेरबदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम आवश्यक फेरबदल गर्न वा अभिलेख गर्दा/गराँउदा केहि सामान्य हेरफेर गर्न, संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध**

१. विविध १ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीको स्वामित्वमा रहेको विद्युत विकास विभागबाट मिति २०८०/०३/०६ मा विद्युत उत्पादनको अनुमति पत्र प्राप्त बडिगाड खोला जलविद्युत आयोजना (२४.६ मे.वा) को अनुमतिपत्र नयाँ कम्पनीलाई हस्तान्तरण गरी छुट्टै कम्पनी मार्फत अघि बढाउन आवश्यक देखिएकोले यस लिवर्टी इनर्जी कम्पनी लि. ले सहायक कम्पनी बडिगाड हाइड्रोपावर लि. दर्ता गरि संचालन गर्ने विषयमा प्रस्ताव सर्वसम्मतिले पारित गरियो । सहायक कम्पनी दर्ता प्रयोजनको लागि प्रबन्धपत्र, नियमावलीमा हस्ताक्षर लगायतको कार्य गर्नको लागि र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता प्रकियामा गर्नुपर्ने सम्पूर्ण कामहरु गर्नको लागि कम्पनीको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विविध २ का सम्बन्धमा संचालक समितिले आ.व. २०७९/८० मा गरेका विभिन्न निर्णयहरु साधारण सभाले अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**११. धन्यबाद ज्ञापन तथा सभाको समापन**

अन्त्यमा कम्पनीका अध्यक्ष ज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई भव्य रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा शेयरधनीहरु, संचालक सदस्यहरु, कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै सभाको समापन भएको घोषणा गर्नुभयो ।

LIBERTY ENERGY COMPANY LTD. KATHMANDU

........................
श्री कमल कुमार भारती
कम्पनी सचिव

........................
डा. आत्माराम घिमिरे
अध्यक्ष

**लिवर्टी इनर्जी कम्पनी लि.को**

प्रवन्ध-पत्रमा भएको संसोधनको

**तिन-महले**

| साविकको व्यवस्था | हाल संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| **प्रवन्ध पत्रको दफा ८**<br>ञ. हाल केहि व्यवस्था नभएको । | **प्रवन्ध पत्रको दफा ८**<br>ञ. कम्पनीले हकप्रद शेयर जारी गरेमा शेयरधनीहरुले आफ्नो हकको हकप्रद शेयर आफुले इच्छाएको व्यक्तिलाई हक हस्तान्तरण गर्न सकिने छ । | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को १९ (क) को व्यवस्था बमोजिम । |

## लिवर्टी इनर्जी कम्पनी लि.को

नियमावलीमा भएको संसोधनको

**तिन-महले**

| साविकको व्यवस्था | हाल संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| **नियमावलीको नियम ३८ (३)**<br>संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनुपर्ने छ । | **नियमावलीको नियम ३८ (३)**<br>संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुन नसकेमा विद्युतिय माध्यमबाट समेत उपस्थित हुन सकिनेछ । | प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यक भएकोले । |

## लिवर्टी इनर्जी कम्पनी लि.को

नियमावलीमा भएको संसोधनको

**नियमावलीको नियम ३८ (३)**

संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुन नसकेमा विद्युतिय माध्यमबाट समेत उपस्थित हुन सकिनेछ ।

## लिवर्टी इनर्जी कम्पनी लि.को

प्रवन्ध-पत्रमा भएको संसोधनको

**प्रवन्ध पत्रको दफा ८**

ञ. कम्पनीले हकप्रद शेयर जारी गरेमा  शेयरधनीहरुले आफ्नो हकको हकप्रद शेयर आफुले इच्छाएको व्यक्तिलाई हक हस्तान्तरण गर्न सकिने छ ।